अन्तिम लेखापरीक्षण प्रतिवेदन

बेनी नगरपालिका
म्याग्दी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

बेनी नगरपालिका

म्याग्दी

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

बेनी नगरपालिका

म्याग्दी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*
स्वतन्त्रता *(Independence)*
व्यावसायिकता *(Professionalism)*
पारदर्शिता *(Transparency)*
जवाफदेहिता *(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ जेठ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

गण्डकी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ६५

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री प्रमुख ज्यू ,

बेनी नगरपालिका, बेनी नगरकार्यपालिकाको कार्यालय,

बेनी, म्याग्दी ।

१. **कैफियत सहितको राय** — हामीले नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १ करोड २१ लाख ९० हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ४७ लाख ६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ६३ लाख ४९ हजार र नियमित गर्नुपर्ने रु. ११ लाख ३५ हजार रहेको छ । नगरपालिकाको गतवर्ष सम्म रु. १४ करोड ९८ लाख ७० हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष सम्परीक्षण बाट रु. २ करोड ५३ लाख ९५ हजार फर्स्यौट भई हालसम्मको अद्यावधिक बेरुजू रु. १३ करोड ४० लाख १ हजार रहेको छ ।

नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)

नायब महालेखापरीक्षक

बेनी नगरपालिका,

म्याग्दी जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
४७	३९	१२१९०	-	५	४७०६	४७	३४	७४८४	६३४९	११३५	-	-	-	११३५	-

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
म्याग्दी	१४९८७०	-	२५३९५	१२४४७५	२०४२	७४८४	१३४००१

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
	२०७९।८० (चालु वर्षको)			
		२४.४	बक्यौता कर रकम	३२,०००.००
				८,०००.००
				१,८५,७१२.००
		२२.५	बढी भुक्तानी	२४,३२४.००
		२२.६	चेनेजको प्रयोग	४४,५५,९०६.००
	चालु वर्षको जम्मा			**४७,०५,९४२.००**
	गत विगत वर्षतर्फको			
	२०७८।७९			

		३२	बैंक हिसाब मिलान नगरेको	५१३,७२५.५३
			पेश्की बाँकी	
		२९	भकिम्ली ठुलोखोला स्टिल त्रस पुल निर्माण उ.स	२,६५,०००.००
		३४	कार्य स्वीकार प्रतिवेदन	
			भिम वहादुर थापाको घर सगरेपानी पदमार्ग निर्माण योजना	२,४१,२५०.००
			सालघारी पदमार्ग निर्माण	१,४४,७५०.००
			जामुनाखर्क नाली व्यवस्थापन योजना	९,६५,०००.००
			खलवले खानेपानी टयाकी संरक्षण	२,८९,५००.००
			पौलस्त्य मावि अनुदान	५०,०००.००
			खलवले मोटरवाटो तथा नया ट्रयाक निर्माण	६,२०,०००.००
			जयन्ती मा वि आइ . सी.टी .व्यवस्थापन	६,५०,०००.००
			धौलागिरी मावि पुस्तकालय स्थापना	६,५०,०००.००
		४२	माधव प्रसाद भुसालको भ्रमण खर्च	२,७००.००
			आकृति पौडेल भ्रमण खर्च	६,०५०.००
		५२.२	नमुना बिद्यालय	७५,००,०००.००
		५४.२	ICT Lab स्थापना	६,५०,०००.००
			नवज्योति आवासिय बिद्यालयलाइ २ कोठे भवन निर्माण	१८,००,०००.००
		५३.१	भ्याट रकम	३,९७८.००
		६०	धोलकराज ढकाल बढी भुक्तानी	२४,८००.००
		६२	बालमन्दिर आधारभुत विद्यालय विज्ञान प्रयोगशाला	६,५०,०००.००
			जनकल्याण माध्यमिक विद्यालय विज्ञान प्रयोगशाला	६,५०,०००.००
	२०७७।७८			
		१७	स्वीकृत दरबन्दी बेगरको तलब खर्च	२१,१७,१२०.००

		२१	पदाधिकारी सुविधा	२३,८८,७५५.००
		३४	रितपूर्वकको कर बिजक	४,२९,६९,१४८..००
		४१	सोझै खरिद	४७,७०,१२१.००
		४७	बिल बेगर भुक्तानी	२६,२०२.००
		४८	शीर्षक फरक पारी खर्च	१,२२,८८३.००
		५३	बढी भुक्तानी भएको	३९,८००.००
		५५.३	वितरणको भर्पा	८,०००.००
		५७.१	दाखिला प्रमाण पेश नभएको	१,४५,०००.००
		५७.२	दाखिला नभएको	५२,१००.००
		५९	स्वीकृत कार्यक्रम बेगर खर्च	३,८६,०००.००
		६७	बढी निकासा भएको रकम	१,१३५.००
	गत विगतको जम्मा			**२,५३,९५,०५०.००**
	कुल जम्मा			**३,०१,००,९९२.००**

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु बेनी नगर पालिकाको उद्देश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।१२ देखि २०८०।०५।१७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय — व्ययको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **सञ्चितकोषको हिसाब -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७९।०८० को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छ ।

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत /सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		७९,५६,९८,४२५.३४	६९,३६,०३,५५१.३१		६९,३६,०३,५५१.३१	६३,५४,००,६४६.७१		६३,५४,००,६४६.७१
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		७६,१९,५३,७१४.००	६८,९०,१७,०६३.९५	०	६८,९०,१७,०६३.९५	६३,१६,१५,३५५.७१	०	६३,१६,१५,३५५.७१
११००० कर	११	१३,९७,४५,०००.००	१२,१९,२२,७६०.२२	०	१२,१९,२२,७६०.२२	१२,३१,०७,००६.८७	०	१२,३१,०७,००६.८७
१३००० अनुदान		६०,२०,३१,७४३.००	५४,१२,८९,२७२.७२	०	५४,१२,८९,२७२.७२	४८,५०,९४,३१३.००	०	४८,५०,९४,३१३.००
संघीय सरकार	१२	५७,१०,५१,७४३.००	५१,३६,०८,१९४.७२	०	५१,३६,०८,१९४.७२	४६,३८,८७,५२२.००	०	४६,३८,८७,५२२.००
प्रदेश सरकार	१२	३,०९,८०,०००.००	२,७६,८१,०७८.००	०	२,७६,८१,०७८.००	२,१२,०६,७९१.००	०	२,१२,०६,७९१.००
१४००० अन्य राजस्व		२,०१,७६,९७१.००	२,५८,०५,०३१.०१	०	२,५८,०५,०३१.०१	१,८४,९६,५६९.८४	०	१,८४,९६,५६९.८४
१५००० विविध प्राप्ति		०	०	०	०	४९,१७,४६६.००	०	४९,१७,४६६.००
ख. अन्य प्राप्ति		३,३७,४४,७११.३४	४५,८६,४८७.३६		४५,८६,४८७.३६	३७,८५,२९१.००		३७,८५,२९१.००
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०
कोषहरु		३,३७,४४,७११.३४	१,१७,०००.००	०	१,१७,०००.००	०	०	०
धरौटी		०	४४,६९,४८७.३६	०	४४,६९,४८७.३६	३७,८५,२९१.००	०	३७,८५,२९१.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
भुक्तानी (ग+घ)		८६,८४,२१,१३७.३४	७४,२६,९८,४४६.८२		७४,२६,९८,४४६.८२	६५,१५,८३,२५२.५०		६५,१५,८३,२५२.५०
ग. भुक्तानी (सञ्चित कोषबाट)		८३,४६,७६,४२६.००	७२,४५,७६,१९५.३२		७२,४५,७६,१९५.३२	६२,८०,५६,१६८.५०		६२,८०,५६,१६८.५०
२१००० पारिश्रमिक / सुविधा	१८	३३,४३,७७,०००.००	३१,७७,०४,६२६.१४	०	३१,७७,०४,६२६.१४	२७,२५,८९,६८५.५०	०	२७,२५,८९,६८५.५०
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१६,३०,२७,२८३.००	१३,३०,९८,५२२.६०	०	१३,३०,९८,५२२.६०	१३,१२,२१,३१२.००	०	१३,१२,२१,३१२.००
२५००० सहायता (Subsidy)	१८	३,२८,१२,०००.००	२,६०,९४,३४०.००	०	२,६०,९४,३४०.००	१,७३,६८,४६२.००	०	१,७३,६८,४६२.००
२६००० अनुदान	१८	२,००,०००.००	२,००,०००.००	०	२,००,०००.००	०	०	०
२७००० सामाजिक सुरक्षा	१८	७३,१५,०००.००	३६,५८,४४९.००	०	३६,५८,४४९.००	५८,२०,०००.००	०	५८,२०,०००.००
२८००० अन्य खर्च	१८	२९,००,०००.००	७,८७,४९१.००	०	७,८७,४९१.००	१३,०१,९४०.००	०	१३,०१,९४०.००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२९,४०,४५,१४३.००	२४,३०,३२,७६६.५८	०	२४,३०,३२,७६६.५८	१९,९७,५४,७६९.००	०	१९,९७,५४,७६९.००
घ. अन्य भूक्तानी		३,३७,४४,७११.३४	१,८१,२२,२५१.५०		१,८१,२२,२५१.५०	६५,१५,८३,२५२.५०		६५,१५,८३,२५२.५०
कोषहरु		३,३७,४४,७११.३४	१,४५,६७,३४८.००	०	१,४५,६७,३४८.००	२,१०,८६,१७९.००	०	२,१०,८६,१७९.००
धरौटी		०	३५,५४,९०३.५०	०	३५,५४,९०३.५०	२४,४०,९०५.००	०	२४,४०,९०५.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
ङ. यो वर्षको बचत (न्युन)		(७,२७,२२,७१२.००)	(४,९०,९४,८९५.५१)		(४,९०,९४,८९५.५१)	(१,६१,८२,६०५.७९)		(१,६१,८२,६०५.७९)
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			११,३९,११,८९६.१४		११,३९,११,८९६.१४	११,५७,८८,१८३.९३		११,५७,८८,१८३.९३

वर्षान्तको बाकी रकम (ङ + च)		(७,२७,२२,७१२.००)	६,४८,१७,०००.६३		६,४८,१७,०००.६३	९,९६,०५,५७८.१४		९,९६,०५,५७८.१४
बैंक तथा नगद बाकी	२४		६,४८,१७,०००.६३		६,४८,१७,०००.६३	९,९६,०५,५७८.१४		९,९६,०५,५७८.१४

३ **बित्तीय बिवरणमा समावेश नभएको कारोवार -**

नगरपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन् ।

सि.नं	खर्च शीर्षक	बजेट	निकासा खर्च
१	सामाजिक सुरक्षा तथा सरक्षण	१४,७३,८६,०००।००	१४,५७,३१,४४४।००
२	गरिब सग विशेश्वर कार्यक्रम	४,६५,०००।००	४,५४,२५०।००
	जम्मा	**१४,७८,५१,०००।००**	**१४,६१,८५,६९४।००**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **बजेट तथा कार्यक्रम-**

४.१ **खर्च विश्लेषण-** पालिकाले यो बर्ष कुल आन्तरिक आयबाट रु· ४,१३,७६,९८७।-, राजश्व बाँडफाँड र अनुदानबाट रु· ६७,७२,२५,३४५।- सामाजिक सुरक्षा र कोष (अन्य आम्दानी) रु· १९,३८,९३,२१३।- तथा गतवर्षको जिम्मेवारी रु. ११,८४,९८,३८३।- समेत गरि रु.९८,३२,८६,४१०।- जम्मा आम्दानी भएकोमा चालु तर्फ रु. ४८,१५,४३,४२९।- पूँजीगत तर्फ रु. २४,३०,३२,७६७।- र सामाजिक सुरक्षा र कोष (बित्तीय ब्यबस्था)मा तर्फ रु. १९,३८,९३,२१३।- समेत रु. ९१,८४,६९,४०८।- जम्मा खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.५० प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.१,३०,५६,७००।- खर्च भएको छ, जुन आन्तरिक आयको ३१.५६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५२.४३ प्रतशित चालु ,२६.४६ प्रतिशतमात्र पूँजीगत निर्माणमा तथा सामाजिक सुरक्षा र कोष (वित्तीय व्यवस्था) २१.११ प्रतिशत खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

४.२ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री ज्योती लामिछाने पौडेलले मिति २०७९।३।१० गते रु. ७३ करोड २२ लाखको बजेट सभा समक्ष पेश गरेकोमा

मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

४.३ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । तर पालिकाले उपलब्ध गराएको र समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.४ **अबण्डा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ । यस स्थानीय तहले यो वर्ष विपद व्यवस्थापन कोषमा वडा तथा पालिकामा रु. ७१,५०,०००।-बजेट बिनियोजन गरी बिभिन्न टुक्रामा खर्च गरेकोमा कार्यक्रम तोकेको छैन । बजेट अवण्डाको रुपमा राखी वार्षिक नीति तथा कार्यक्रम र बजेटको सिद्धान्त विपरित कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

४.५ **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण पेश गर्नुपर्ने र नियम ३६ मा केन्द्रिय निकायले त्यसको भौतिक र बित्तीय पक्षको कार्यालयगत र केन्द्रिय निकायगत समिक्षा गर्नुपर्ने व्यवस्था छ । यसरी समिक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति बिश्लेषण गर्दा चौथो त्रैमासिकमा मात्र ६१.४७ प्रतिशत र आषाढमा मात्र २९.२९ प्रतिशत खर्च गरेको देखिन्छ । अन्तिम त्रैमासिक तथा वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौथो त्रैमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले चौथो त्रैमासिक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ४.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४.६ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन

गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४.७ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।०८० को क्षेत्रगत बजेट र खर्चको स्थिति अनुसुची अनुसार रहेको देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा ४.७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५ आन्तरिक नियन्त्रण प्रणाली-

५.१ **आन्तरिक सरकार -** सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको ।

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ४९ जनाको दरबन्दी मध्ये जना पदपुर्ती भई २५ दरबन्दी रिक्त रहेको पाईयो । रिक्त पद २५ भएकोमा स्वास्थ्य सेवामा समेत ६० जना करारबाट पदपुर्ती गरेको देखियो ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५.२ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण-** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको तथा अद्यावधिक अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ ।त्यसो भएको कारणले स्थानीय निकायवाट सरकारी संपतिको अद्यावधिक अभिलेख राखु पर्दछ ।

५.३ **सम्पत्ति हस्तान्तरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

५.४ **अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्च -**भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राखुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ।नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राखुपर्ने उल्लेख छ।कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक चालु खर्च शिर्षकवाट रु. ५७,६९,४५३।०० खर्च लेखेको छ । तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ, भन्ने आधार रहेन।यसमा सुधार गर्नुपर्ने देखिन्छ।

६ **वित्तीय विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरेको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छ ।

• लेखापरीक्षणका क्रममा पेश्की खाता अद्यावधिक रहेको छैन ।

• प्राप्त वितीय विवरणको अनुसूची-२४ मा देखाएको बैंक तथा नगद बाँकी रु. ६,४८,१७,०००।६३ मध्ये सञ्चित कोष खातामा रु. ३,७७,१३,३४१।५२ र तीन वटा कोष खातामा रु.२,७१,०३,६५९।११ मौज्दात रहेको छ ।

• NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेतापनि प्रतिवेदन र लेखाङ्कनबीच एकरुपता देखिदैन ।

• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिड्दैन ।

७ **सेवा प्रवाह विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकावाट प्राप्त विवरण अनुसार सेवा प्रवाह गरेको पाइयो। अनुसुचिमा देखाइएकोमा अन्य कुन कुनमा हो भनि यकिन हुन सकिएन ।

(विस्तृत विवरण बेरूजु दफा ७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८ **कानून निर्माण एवं कार्यान्वयन-**

कानून र सञ्चालन स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ऐन १२ वटा, नियमावली ४ वटा, कार्यविधि ३५ वटा, निर्देशिका ५ वटा र १ आचार संहिता, २ वटा दिग्दर्शन, ३ वटा मापदण्ड समेत ६५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ वटा र यो बर्ष दर्ता भएका आर्थिक लेनदेन, घर जग्गा विवाद समेत ५ विवाद दर्ता भएकोमा २ वटा फछ्र्यौट भई २ क्षेत्राधिकार भित्र नपरेकोले माथिल्लो निकायमा जान अनुरोध गरेको २ तथा बाँकी २ वटा रहेका छन् । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

९ **संगठन तथा कर्मचारी व्यवस्थापन-**

९.१ **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी मध्ये विभिन्न पद तथा स्वास्थ्य सेवामा समेत ३६ जना कर्मचारीहरु करारमा राखि रु. १,५०,९२,१२३।- खर्च लेखेको छ ।

९.२ **कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा कुनै रकम जम्मा गरेको देखिएन ।उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । निवृत्तभरण कोष ऐन, २०७५

को दफा १० अनुसार कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी सो रकममा नेपाल सरकारको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुसार कट्टा गरी जम्मा गरेको छ ।

९.३ **वडा सचिवको पदपूर्ति -** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदमा कम्प्यूटर अपरेटरबाट सचिवको पदपूर्ति गरी कार्य गरेको देखियो ।

(विस्तृत विवरण बेरूजु दफा ९.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१० **आर्थिक सहायता, अन्य विविध खर्च र अनुदान -**

१०.१ **विविध खर्च -** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ४५,३४,४५६।- खर्च गरेको छ ।

१०.२ **आर्थिक सहायता -**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष विभिन्न ११४ जनालाई सहयोग गरी रु. १४,३४,४८०।- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

११ **धरौटी खाता-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली,२०७७ को नियम ६४ ले प्राप्त धरौटी रकमको गोश्वारा भौचर उठाई आम्दानी बाँध्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको धरौटी रकमको नामनामेसी विवरण उल्लेख गरी व्यक्तिगत धरौटी खाता राख्नुपर्ने व्यवस्था गरेको छ। नगरपालिकामा व्यक्तिगत धरौटी खाता नराखेको हुँदा विगतमा कहिले देखि कुनै ब्यक्ति वा संस्थाको नाममा धरौटी रकम के बापत राखेको हो यकिन गर्न सकिएन। उक्त नियमावलीमा भएको व्यबस्थालाई कार्यान्वयनमा ल्याई पालिकाले तोकिएका विवरण र खाताहरू राख्नुपर्दछ।

१२ **सामाजिक सुरक्षा तर्फ -**

१२.१ **भत्ता वितरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीलाइ सामाजिक सुरक्षा भत्ता वापत यस वर्ष कूल रु. १४,५७,३१,४४४।- वितरण गरेको छ । लेखापरीक्षण योजना अनुसार सबै भन्दा बढी भत्ता वितरण गरिएको २ वटा वडाहरु वडा नं ५ र ९ को परीक्षण गरिएकोमा निम्न व्यहोरा देखियो ।

(विस्तृत विवरण बेरूजु दफा १२.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१२.२ **निष्कृय खाता तथा लगत कट्टा-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंकले खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । वैंकले निष्कृय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकाले वितरित रकम यकिन हुन सकेन । पालिकाले वैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ ।

१३ **रावण पार्क निर्माण -** नगरपालिकाले रावण पार्क निर्माण कार्यको लागि रु· १,७६,७७,५६४।- मा सम्पन्न गर्ने गरी निर्माण ब्यवसायी , धर्म एस / कास्यप जे·भी ·सँग मिति २०७८।०६।१७ मा संझौता गरी मिति २०७९।११।१५ सम्ममा कार्य सम्पन्न गर्ने गरी संझौता गरेकोमा तोकिएको समयमा काम सम्पन्न गरेको देखिएन । अतः सम्झौता बमोजिम कार्य नभएकोमा सम्झौताको बुँदा नं G C C को ५७.३ बमोजिम प्रत्येक बिलबाट ३० प्रतिशत भुक्तानी पश्चात ४० प्रतिशतका दरले ८० प्रतिशत समय व्यतित हुँदा सम्पूर्ण पेश्की कट्टी गर्नुपर्नेमा नगरेकोले पेश्की जमानत वापत राखेको रकम रु. ३५,३५,०००/- रकम असुल गरी बाँकी कार्यलाई अगाडी बढाउनु पर्ने देखिएको रु

असुल गर्नुपर्ने	३५,३५,०००

१४ **स्वास्थ्य तर्फ -**

औषधि खरिद - आपूर्ती हुने औषधि डव्लु.एच.ओ. GMP सर्टीफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश नभएको।

• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

• तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार प्रदेश स्वास्थ आपुर्ती ब्यवस्थापन केन्द्र तथा स्वास्थ सेवा बिभागवाट आपुर्ती गरिएका औषधी मुल्य नखुलाई आपुर्ती गरिएको साथै म्याद भुक्तानी समय कम रहेका औषधी आपुर्ति गरिएको र मागको आधारमा आपुर्ति नगरीएको कारण औषधिको म्याद गएको भन्ने पालिकाको भनाई रहेकोले मौज्दातको अवस्था हेरेर मात्र औषधी आपुर्ति गर्नुपर्ने देखियो ।

(विस्तृत विवरण बेरूजु दफा १४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१५ **कृषी तथा पशुमा अनुदान -** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी पूँजी निर्माण गर्ने, उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए

नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । यो वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत संचालित केही कार्यक्रमहरु अनुसुची अनुसार छन्।

(विस्तृत विवरण बेरूजु दफा १५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१६ **शिक्षा तर्फ -**

१६.१ **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा १६.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१६.२ **दिवा खाजा -** दिवाखाजा कार्यक्रम अन्तर्गत पालिकावाट यो वर्ष रु. ७६ लाख २५ हजार निकासा भई खर्च भएको छ। पालिकावाट खर्च लेखाकंन गर्दा तोकिएको मापदण्ड अनुसारको मात्रा ,स्वच्छता र पोषणयुक्त खाजा व्यवस्थापनको सुनिश्चितता नभएको ,दिवाखाजाको अध्यावधिक अभिलेख तथा सुपरिदेक्षण र अनुगमन नभएको स्थिति समेत देखियो ।

१६.३ **कार्यविधिको पालना -** छात्रवृत्ती रकम वितरण तथा व्यवस्थापन कार्यविधि,२०७८ को नियम ९(ख) बमोजिम गाउँपालिका स्तरीय व्यवस्थापन समितिले छात्रवृत्ती प्रदान गरेको रु. ९,५२,०००/- छ। छात्रवृत्ति अनुदान वास्तविक लक्षित वर्गले पाए ,नपाएको सम्बन्धमा पालिकाबाट सुपरीवेक्षण तथा अनुगमन गरेको नदेखिएकोले पालिकाबाट कार्यविधिको पालना तथा कार्यान्वयन गरि अनुदानको पारदर्शिता र प्रभावकारी उपयोगमा ध्यान दिनुपर्ने आवश्यकता देखियो ।

१७ **बिविध कार्य-**

१७.१ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा पदमार्ग निर्माण तथा मर्मत संभार, सडक मर्मत संभार लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ७४ जनालाई रोजगारी उपलव्ध गराई रु. ६५,७१,९५१।- खर्च गरेको छ । लक्षित वर्गलाई ५० दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

१७.२ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

१७.३ **कन्टिन्जेन्सी खर्चको अभिलेख -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको र सो रकम संचित कोसमा जम्मा रहेकोमा बिबरण बाट सो रकमको मौज्दात एकिन हुन सकेन । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

१७.४ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१८ **खानेपानी योजनाहरु-**

१८.१ **ठेक्का नं -BM/NCB/WS/02-078-79 -**

क) पालिकाले जामुनाखर्क खानेपानी योजना (एक घर एक धारा, जम्रेनी एरिया) मा योजना संचालन गर्ने गरी निर्माण ब्यवसायी बि.एन.त्रिशक्ती रु. ७८,१४,१००।-(मु अ कर समेत) मा सम्झौता भएको ठेक्कामा प्रथम भेरिएसन बाट रु. ७७,४०,१३०।-(मु.अ.कर समेत) कायम भएकोमा अन्तिम बिल सम्म रु. ७०,५७,९३०।६५ भुक्तानी भएको देखियो । योजना अन्तर्गत १५७७१५ मिटर पाइप खरिद बापत रु १३,८०,८८०।९२ भुक्तानी गरी तथा खन्ने तथा पुर्ने कार्यका लागि रु. ४८,७३९।- तथा जडान कार्यका लागि रु. १,३६,०९५।- भुक्तानी गरेकोमा नर्म्स बमोजिम पाइप ९० से.मी गाड्नु पर्नेमा सो नगाडेका कारण सतहमा हुने आगलागी तथा अन्य बातावरणीय प्रभावबाट खानेपानी वितरणमा असर पर्नुका साथै खानेपानी दिगो हुनेमा विश्वस्त हुन सकिएन । अतः योजना दिगोपना कायम हुने गरी निर्माण गर्न पालिकाले ध्यान दिनुपर्ने देखियो ।

ख) खानेपानी संचालन गर्नुपुर्व खानेपानी मुहान संम्झौता गरेर मात्र योजना कार्यान्वयन गर्नु पर्नेमा सो नगरेकोले योजना निर्माण पश्चात बाह्रै महिना पानी उपलब्ध नहुने देखियो । स्थानीय बासिन्दाले अवरोध गरेकाले योजना पुर्ण रुपमा कार्यान्वयन हुन नसक्ने भनी V.O मार्फत ०.९ प्रतिशत मुल्य घटिमा रु. ७७,१४,१३०।४५ योजना संसोधन गरी सिस्नेरीमा रहेको मुहानबाट पुरानो योजनाका लाभान्वित वर्गले पानी प्रयोग गरेर खेर जाने ओभर फ्लो बाट संकलित पानी मात्र वितरण गर्ने गरी योजना सम्पन्न गरिएकोले योजनाले लक्ष्य अनुसार लाभग्राहीलाई सुविधा नपुग्ने देखियो । यसरी खानेपानी योजनाको मुहान सुनिश्चित नहुदैं योजना कार्यान्वयनमा जाने गरी सम्झौता नगर्ने गरी योजना संचालन गर्नु पर्दछ ।

१८.२ **खबरा खानेपानी योजना -** खानेपानी नर्म्स १२ भोलुम अनुसार जमिन सतहमा हुने बातावरणीय परिवर्तनबाट पानीको शुद्धता तथा पाईपको गुणस्तर कायम राख्न पाईप ९० सेन्टिमिटर गाड्नू पर्नेमा पालिकाले खानेपानी योजनाका लागि रु ४७,६३,००७।८८ (मु.अ.कर समेत) को लागत अनुमान तयार गरी बोलपत्र मार्फत श्रमजिवी निर्माण सेवा ठेक्का छनौट गरी रु. ३५,९७,८५१।५५ मा मिति २०८०।०१।३० सम्म योजना सम्पन्न गर्ने गरी मिति २०७९।१०।२९ मा सम्झौता गरिएको ठेक्कामा विभिन्न साइजको २०,२७४।५ मिटर खरिद गरी रु. ७,६४,३५०।०८ (मु.अ.कर बाहेक) भुक्तानी गरेकोमा सो पाइप खन्ने पुर्ने कार्यमा रु. १,०१,३७२।५० भुक्तानी खर्च गरेको देखियो । खानेपानी योजनाको दिगोपना कायम गर्न ९० से.मी गाड्नु पर्नेमा कार्यालयले लागत अनुमान ३० से.मी· को मात्र तयार गरी सोही बमोजिम ३० से.मी· गहिराईमा पाइप गाडी योजना फरफारक गरेको देखियो

। जसको कारण जमिनको सतहमा हुने आगलागी तथा अन्य कारणबाट पाइमा क्षती भई योजना दिगो नहुने देखियो,अत योजना दिगोपनाको लागि नर्म्स बमोजिम खानेपानी पाइप गाड्ने गरी लागत अनुमान तयार गर्ने सोही बमोजिम योजना संचालन गरी योजना दिगो बनाउने बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखियो ।

१९ **कोल्ड स्टोर निर्माण-**

पालिकाले सिंगा कोल्ड स्टोर निर्माणका लागि रु. १,५१,२०,७३८।६० मा निर्माण गर्ने गरी राजेश बाबु निर्माण सेवा जाजरकोट संग मिति २०८०।०३।२५ सम्म कार्य सम्पन्न गर्ने गरी मिति २०७९।११।२४ मा सम्झौता गरेकोमा तोकिएको मितिसम्म पचास प्रतिशत मात्र भौतिक प्रगती भएको देखियो । जसबाट स्थानिय स्तरमा उत्पादन हुने तरकारी तथा फलफुल भण्डारणमा समस्या पर्ने देखियो अत म्याद थप गरी मिति २०८० असोज मसान्तसम्म म्याद दिएकोमा तोकिएको समयमा सम्पन्न गरी सेवा सुचारु गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखियो ।

२० **अभिलेख तथा सफ्टवेयर खरिद-**

२०.१ **मु.अ.कर भुक्तानी -** मुल्य अभिवृद्धि कर नियमावली, २०५३ बमोजिम मु.अ.कर नलाग्ने सामानको विलविजक जारी गर्दा मुल्य अभिवृद्धि कर कटाएर मात्र जारी गर्नुपर्नेमा सोलार स्कुल प्रा.लि. (६०४३४७४३३) ले ज्यामरुककोट स्वास्थ्य चौकीमा सोलार जडान गर्दा सोलार नेपालको ८० प्रतिशत र नगरपालिकाले २० प्रतिशत खर्च ब्यहोर्ने गरी भएको सम्झौता बमोजिम रकम भुक्तानी गर्दा पालिकाले रु ४,००,०००।-।(मु.अ.कर समेत) भुक्तानी गरेको देखियो । नियमानुसार सोलार प्यानलमा मु.अ.कर भुक्तानी दिन नहुनेमा सो दिएको देखिएको मु.अ.कर नलिएको प्रमाण पेश गर्ने अन्यथा मु.अ.कर बापत भक्तानी भएको रु ४६,०१७।०० असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	४६,०१७

२०.२ **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार पारी मानक अनुरूप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ। पालिकाले दर्ता चलानी सम्बन्धी कार्यलाई व्यवस्थित गर्नको लागि Intigrated server (storage system) बाट सफ्टवेयर खरिद गरी रु ९,८९,८८०।- भुक्तानी दिएकोमा सो बमोजिम प्रमाणित नभएको अवस्थामा भुक्तानी दिएको अनियमित देखिएको रु

अनियमित भएको	९,८९,८८०

२०.३ **घरधुरीहरुको अभिलेख -** पालिकाले सँगम म्यागदीसँग UNDP,NEPAL तर्फबाट उपलब्ध गराएको सप्टवेयर (SEVMS) मा बेनी नगरपालिकका अन्तरगत नागरिक तथा घरधुरीहरुको अभिलेख विद्युतिकरण गर्न कार्यका लागि मिति २०७९ माघ ५ मा सम्झौता गरी मिति २०८०/३/१५ सम्म म्याद रहेको सम्झौताको बुदा नं ४ (ग) अनुसार (SEVMS) मा अभिलेख सम्बन्धी सम्पुर्ण कार्यहरु सम्पन्न भए पश्चात पालिकाले सम्झौता बमोजिमको रु. ११,२५,०००।- भुक्तानी दिने गरी भएको सम्झौता अनुरुप आ.ब. २०७९/८० सम्म रु. ७,५०,०००।- भुक्तानी भएको देखियो । लेखापरिक्षण अवधिसम्म सम्झौता अनुरुप नगरपालिका अर्न्तगत नागरिक तथा घरधुरीहरुको अभिलेख विद्युतिकरण गरेको देखिएन । साथै सम्झौताको बुदा नं ६ (क) मा दोस्रो पक्षले सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा रकम भुक्तानी नहुने र भुक्तानी भएको रकम समेत बाँकी सरह जरिवाना सहित असुल गरिने भन्ने उल्लेख भएकोले नियमानुसार असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	७,५०,०००

२०.४ **नयाँ गाउँ ढोल्थान पुलाडाँडा खानेपानी योजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। संघीय सरकार विषेश अनुदानमा गाजने नयाँ गाउँ ढोल्थान पुलाडाँडा खानेपानी योजनाको श्रमजिवी निर्माण सेवाको पेश्की कट्टी भएको रु. १,५०,०००।- भुक्तानी दिंदा कट्टी नगरी भुक्तानी दिएको देखिएकोले सो रकम असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१,५०,०००

२१ **उपभोक्ता समिति बाट निर्माण -**

२१.१ **हेभी इक्विपमेण्टको प्रयोग -** उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा सार्वजनिक खरिद कानूनका प्रकृया पूरा गरे नगरेको परीक्षण गर्नु पर्ने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन अत : उक्त नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

२१.२ **उपभोक्ता समिति मार्फत सरकारी भवन निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ । तर तपसिलमा उल्लेखित उपभोक्ता सहभागी नहुने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराईएको पाईयो। यसरी उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने कार्यमा उपभोक्ता समिति मार्फत गरिने कार्यमा नियन्त्रण गरिनुपर्दछ। केही उदाहरण अनुसुची बमोजिम छन् ।

(विस्तृत विवरण बेरूजु दफा २१.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२१.३ **नगद भुक्तानी -** आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यको नं. १८३ वाट राज्यकोषवाट हुने तलव, भत्ता लगायतका सबै भुक्तानी सम्वन्धित व्यक्ति तथा संस्थाको वैंक खाता मार्फत हुने व्यवस्था गरिएको, अर्थ मन्त्रालयको प.सं. २०७४।०७५ मार्गदर्शन च.नं. १०९६ मिति २०७४।०२।१६ को पत्रको प्रवरण ४४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने व्यवस्था मिलाई सो वापतको रकम बैंक खातामा जम्मा गरी भुक्तानी दिन निर्दिष्ट गरिएको तथा श्रमिकले पाउने पारिश्रमिक रोजगारदाता कम्पनीले अनिर्वाय बैंक खाताबाट भुक्तानी गर्नुपर्ने । नेपाल सरकार, प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, समिति, परियोजना, प्रतिष्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवं वित्तीय सुविधा २०७५ श्रावण १ बाट बैंकिङ च्यानल बाट भुक्तानी गर्नु पर्ने व्यवस्था भएकोमा नगरपालिकाले उपभोक्ता समिति मार्फत भएको कामको भुक्तानी दिंदा दैनिक ज्यालादारी रकम एकमुष्ट रु.१०,२३,१६०।- भुक्तानी गर्दा समेत बैंकिक खाता मार्फत भुक्तानी भएको नदेखिएकोले यसमा सुधार गर्नु पर्दछ । केही उदाहरण निम्नानुसार छन् ।

(विस्तृत विवरण बेरूजु दफा २१.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२२ **निर्माण कार्य-**

२२.१ **बढी भुक्तानी -** पालिकाले जिल्ला दररेटमा उल्लेख भए बमोजिम निर्माण सामाग्री तथा साधनहरुको मुल्याङकन गरी भुक्तानी दिनुपर्नेमा हाडेभिर बगरफाँट थामडाँडा बरंजा किमचौर कृषि सडक २ को मोटरबाटो विस्तार बापत रु. १,४०,८६२।- भुक्तानी दिंदा ठेक्का आईटम नं १.२ (हांडेभिर भित्तातिरको भागलाई ब्रेकर प्रयोग गरी कडा चट्टान काट्ने कार्य बापतको) को रकम जिल्ला दररेट बमोजिम प्रति घन मिटर रु. १,५३१।- (मु.अ.कर समेत) भुक्तानी दिनुपर्नेमा २०४.०५ घनमिटरको रु. २,००७।९३ का दरले प्रति घनमिटर रु ४७६।९३ बढी भुक्तानी दिएकोले २०४.०५ घन मिटरको रु. ९७,३१७।- असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	९७,३१७

२२.२ **डीपीआर खर्च-** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन

प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।यस सम्बन्धमा पालिकाले डि.पि.आर. निर्माणको क्रममा प्राविधिक जनशक्ति पदपूर्ती भइ नसकेको कारण परापर्शदाताबाट सेवा खरिद गर्नु परेको भन्ने जवाफ दिएता पनि यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजना कार्यान्वयनमा गएको नदेखिएकोले खर्चको सार्थकता देखिएन ।

(विस्तृत विवरण बेरूजु दफा २२.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२२.३ **घर बहाल कर -** आर्थिक ऐन, २०७७ बमोजिम घरधनिले वहालमा लगाएको संझौतामाउल्लेख गरेको रकमको १० प्रतिशत वा नगरवाट निर्धारित न्युनतम तोकिएको रकममा जुन वढी हुन्छ वढी रकमको आधारमा वहालकर लगाइने उल्लेख छ। कार्यालयले वहाल कर वुझाउन आउने करदाता वाहेक अन्यलाइ करको दायरामा ल्याएको छैन भने ल्याउन प्रयास समेत गरेको देखिदैन। अनिवार्य रुपमा तिर्नुपर्ने कर्पोरेट करदाताहरुवाट प्राप्त भएको घरवहाल रकम मात्र घरधनीहरुले तिर्ने गरेको अवस्था छ। तिर्नुपर्ने कति हो र तिरेको कति हो सो को अभिलेख कार्यालयले नराखी वहाल कर पुस्तिकामा चढाएर सोझै धरधनिलाई दिएको अवस्था छ। यस वर्ष पालिकाले घर बहाल कर रु.६८ लाख ३९ हजार उठेको रेकर्ड पेश गरेको छ । पालिकाले वहालकरलाई व्यवस्थित गरी आन्तरिक आय वृद्दी गर्नेतर्फ जोड दिनुपर्ने देखिन्छ ।

२२.४ **दिगोपना -** खानेपानी नर्म्स 12 volume अनुसार खानेपानी पाईप विच्छाउँदा सतहमा हुने आगलागी तथा अन्य कारणबाट पाईपमा हुने क्षती न्यूनीकरण गर्न पाईप 90 cm गाड्नुपर्नेमा पालिकाले लिस्ने गौंडा भकुण्डे खानेपानी योजना उपभोक्ता समितिलाई योजना बापत रु.१,४४,७५०।- भुक्तानी गरेकोमा योजनामा उपभोक्ता मातर्फ खरिद भएको १३८० मि.पाईप २५ से.मी.मात्र जमिनमा गाडेको देखियो जसको कारण योजनाको दिगोपना कायम नहुने गरी खर्च भएको रकम अनियमित देखिएको रु

अनियमित भएको	१,४४,७५०

२२.५ **बढी भुक्तानी -**

.... (प्रारम्भिक प्रतिवेदन उपर राजस्व दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।०८ को निर्णयबाट रु. २४,३२४।- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	०

२२.६ **चेनेजको प्रयोग-**

.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२५ को निर्णयबाट रु. ४४,५५,९०६।- सम्परीक्षण गरिएको ।)

प्रमाण पेश नगरेको	०

२२.७ **बढी भुक्तानी -** पालिकाले चुत्रेनी बैकल्पिक मार्ग स्तरोउन्नती कार्यको अन्तिम बिल रु.४९३२०६।०० भुक्तानी गर्दा आइटम न 3 PCC for R.C.C (Providing and laying of rainforced cement concrete in foundation complete Grade (20) including formwork) बापत दर रेट बमोजिम २१।९३ घन.मिटर को रु.१२,३७०।- का दरले रु.२,७१,२७४।- भुक्तानी दिनुपर्नेमा रु. १२,८०४।- का दरले रु. २,८०,७९१।- भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम रु.९,५१७।- असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	९,४४८

२३ **कार्यक्रम तथा प्रगती-**

२३.१ **कार्यक्रम तथा प्रगति-** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ ।यस सम्बन्धमा पालिकाले योजनाहरुमा बजेट दोहोरो भएकोले योजना कार्यान्वयन नभएको भन्ने जवाफ दिएको छ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका कार्यक्रमहरु देहायअनुसार छन् ।

(विस्तृत विवरण बेरूजु दफा २३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२३.२ **कार्य योजना-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू पूरा गरेको देखिएन ।कार्य योजना- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी

क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू पूरा गरेको देखिएन ।

२३.३ **वार्षिक प्रतिवेदन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।वार्षिक प्रतिवेदन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

२३.४ **प्रगति विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समितिवाट सञ्चालित २८२ योजनाहरू र निर्माण ब्यवसायी मार्फत निर्माणाधिन १४ तथा सम्पन्न ११ समेत कुल ३०७ योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरूको प्रगति विवरण पेस हुन आएन । सञ्चालित योजनाहरूको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगतिको स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ ।

२३.५ **योजना र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन् ।

(विस्तृत विवरण बेरूजु दफा २३.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२४ **आन्तरिक आय -**

२४.१ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति रहेको अनुसुची बमोजिम रहेको देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा २४.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२४.२ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
९१,८४,६९,४०८।-	४,१३,७६,९८७।-	४.५०

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२४.३ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, त्रैमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र ६० वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२४.४ **बक्यौता कर रकम -** पालिकाले नगरपालिका क्षेत्रमा सार्वजनिक जग्गा तथा नगरपालिकाको स्वामित्वमा रहेको संरचना बहालमा लगाए बापत तपशिलमा उल्लेखित ब्यक्ती तथा संस्थाबाट उठ्न बाँकी बक्यौता कर रकम रु. १७,६१,५१८।०० मा नियमानुसार जरिवाना समेत गणना गरी असुल गर्नु पर्ने रु

(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा ईन्द्रदेवी घर्तिमगर रु. ३२,०००।- को, वुद्धी वहादुर सुनार रु.८,०००।- को, लक्ष्मी कुमारी पौडेल रु. १८५,७१२।- को सम्परीक्षण मिति २०८०।११ ।०८ को जम्मा रु.२,२५,७१२ ।- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	१७,६१,५१८

(विस्तृत विवरण बेरूजु दफा २४.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : बेनी नगरपालिका, म्याग्दी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	नेत्रप्रसाद पौडेल	२०८०-५-११	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	प्र.प्र.अ श्री धोलकराज ढकाल	२०७८-७-११	२०८०-४-३०
लेखा प्रमुख	गोकुल शर्मा	२०७९-६-२७	हाल सम्म कार्यरत
लेखा प्रमुख	ले.पा-माधव प्रसाद भुसाल	२०७८-७-८	२०७९-६-२६

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
६,५९९,३३६	१,१३४,६३०	४,४५५,९०६	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१२,१८९,८७२
प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.					४,७०५,९४२
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					७,४८३,९३०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी	११,८४,९८,३८४
आम्दानी	**खर्च**

संघीय सरकारबाट अनुदान	५४,३०,१८,४६२	**चालु खर्च**	४८,१५,४३,४२९
प्रदेश सरकारबाट अनुदान	२,७८,५७,०७८	**पूँजीगत खर्च**	२४,३०,३२,७६७
राजश्व बाँडफाँट	१०,६३,५०,८०५	**वित्तीय/अन्य व्यवस्था**	१९,३८,९४,२१३
आन्तरिक आय	४,१३,७६,९८७		
अन्य आय	१४,६१,८५,६९४		
कुल आय	८६,४७,८९,०२६	**कुल खर्च**	९१,८४,७०,४०९
बाँकी मौज्दात		६,४८,१७,००१	

बेरूजु दफा ४.५ सँग सम्बन्धित विवरण - अनुसूची -२

बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च (रु. हजारमा)				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
पूँजिगत खर्चतर्फ	२४३०३२	४९४४	१५६३४	७३०५६	१४९३९७	७११९३
	प्रतिशत	२.३४	६.४३	३०.०६	६१.४७	२९.२९

बेरूजु दफा ४.७ सँग सम्बन्धित विवरण - अनुसूची -३

क.स	क्षेत्र	बजेट (रु. हजारमा)	खर्च (रु. हजारमा)	कुल खर्च मध्ये प्रतिशत
१	आर्थिक विकास	४४५०६	३३२५९	४.५९
२	सामाजिक विकास	४५३६०१	४११०७९	५६.७४
३	पूर्वाधार विकास	१७८३२८	१५१७०९	२०.९४
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	३४२८५	३२०५३	४.४२
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१२३९५५	९६४७५	१३.३१
	जम्मा	**८३४६७६**	**७२४५७६**	**८६.८१**

बेरूजु दफा ७ सँग सम्बन्धित विवरण - अनुसूची -४

विवरण	जम्मा
जन्मदर्ता	८२९
मृत्युदर्ता	२६०
बसाईसराई दर्ता (बसाई सरी जाने संख्या)	१५८
विवाह दर्ता	३९२
सम्बन्धविच्छेद दर्ता	७७

बेरूजु दफा ९.३ सँग सम्बन्धित विवरण - अनुसूची -५

वडा संख्या	वड सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
१०	१०	९	१

बेरूजु दफा १२.१ सँग सम्बन्धित विवरण - अनुसूची -६

समुह/ त्रैमासिक	पहिलो त्रैमासिक		दोस्रो त्रैमासिक		तेस्रो त्रैमासिक		चौथो त्रैमासिक		बार्षिक विवरण संख्या	बार्षिक वितरण
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम		
अन्य जेष्ठ नागरिक भत्ता	२१२१	२४४४२६२५	२२२२	२६३८५६१९	२२३१	२६३९९८२८	२२५०	२६७७६५०९	८८२४	१०४००४५८१
जेष्ठ नागरिक भत्ता (दलित)	२९२	२२६१७८०	३०१	२३७५३८०	१९२	२३०६२२०	३००	२३६२०८०	११८५	९३०५४६०
जेष्ठ नागरिक एकल महिला	२६१	२०६६८२०	२७२	२१४२००९	२६४	२०८६७६०	२६७	२१०८७९८	१०६४	८४०४३८७
विधवा	४२०	३३०४८३५	४४०	३४४८९५६	४४३	३४९६१५७	४४२	३४९५३२६	१७४५	१३७४५२७४
पूर्ण अपाङ्गता भत्ता	३८	४५०८७०	३९	४६६८३०	४०	४७०८२०	४०	५०६९९६	१६१	१८९५५१९
अति अशक्त अपाङ्गता भत्ता	२०९	१३२१४८८	२१५	१३६४०४८	२१६	१३५७६६४	२२४	१३९१५७९	५६४	५४३४७७९
दलित बालबालिका	४०७	६२०९१२	५१८	७८२८८३	५११	७५०४४०	५२५	७८७२१२	१९६१	२९४१४४७

जम्मा	३७४८	३४४६९३३०	४००७	३६९६५७२५	३९९७	३६८६७८८९	४०५२	३७४२८५००	१५८०४	१४५७३१४४४

बेरूजु दफा १४ सँग सम्बन्धित विवरण - अनुसूची -७

S.N	Expiry Date	Medicine Name	Stock	Price Per Unit	Total Price
1	2/28/2023	Zinc Sulphate 10 mg Tablet #	900	0.8	720
2	4/30/2023	Retinol (Vitamin A) 200 000 I.U. Capsule #	6330	1.91	12090.3
3	4/30/2023	Adrenaline 1:1000 Injection #	22	23	506
4	8/31/2023	Diclofenac 25 mg/ml 3ml Injection #	20	4	80
5	5/31/2023	Amoxycillin 250 mg Dispersible Tablet #	1700	1.5	2550
6	4/30/2023	Sulphamethoxazole 400 mg & Trimethoprim 80 mg Tablet #	1000	4.43	4430
7	3/31/2023	Hand Sanitizer 500 ml	1	403.21	403.21
8	9/13/2023	Glucose test Strips	40	28.81	1152.4
9	8/31/2023	Adhesive Paper Tape	5	105	525
10	3/31/2023	Chlorhexidine Gel 4% (Navi Malam) Tube #	450	0	0

बेरूजु दफा १५ सँग सम्बन्धित विवरण - अनुसूची -८

क.स.	कार्यक्रमको नाम	लाभग्राही संख्या जना	अनुदान रकम(रु)	कैफियत
१	मकैबाली प्रबर्द्धन कार्यक्रम	१३०	२०,००,०००	५० प्रतिशत अनुदान
२	केरा पकेट विकास कार्यक्रम	७५	१२,००,०००	५० प्रतिशत अनुदान
३	सुन्तला पकेट विकास कार्यक्रम	८०	६,००,०००	आलुपकेट कार्यक्रम निरन्तरता दिइएको
४	फलफूल दशक बिरुवा रोपण कार्यक्रम	१५	३,९५,०००	५०प्रतिशत अनुदान
5	किवि,ओखर सुन्तला फलफूल बगैंचा क्षेत्र विस्तार तथा सुदृढीकरण कार्यक्रम	२००	३,२०,०००	५० प्रतिशत अनुदान
६	खाद्यान्न बालिको उन्नत बीउ उपयोगमा मूल्य अनुदान	१२०	३,६३,२००	५० प्रतिशत अनुदान

७	आलु खेती प्रवर्द्दन कार्यक्रम तथा बीउ बितरण	३००	५,००,०००	५० प्रतिशत अनुदान
८	हिउँदे घाँसको विउ जै भेच	२८१	१,८०,०००	सत प्रतिशत अनुदान
९	बर्षे घाँसको विउ सुडान र टियोसेन्टी	१६७	१,२०,०००	सत प्रतिशत अनुदान
१०	विमा प्रिमियममा १० प्रतिशत अनुदान	१९	१,८६,०४२	
११	यान्त्रिकरण चाफकटर ग्राईन्डर र ग्रास कटर मा अनुदान	१२	३,००,०००	
१२	भैसी विकास कार्यक्रम अन्तरगत दोभान कृषि सहकारि संस्थाका १३ जना भैसीपालन गर्ने कृषकहरुको गोठ मर्मत सुधारमा अनुदान	१३	५,००,०००	५० प्रतिशत
१३	नमुना खोर निर्माण सहित बाख्रा पालन गर्ने कृषक समुह प्रगति बाख्रापालन कृषक समुह	७	७,००,०००	प्रति कृषक रु १,००,०००। का दरले ५० प्रतिशत
१४	शसर्त अनुदान तर्फको बंगुर पकेट कार्यक्रम मा बंगुरको मलखाद व्यवस्थापनको लागि पिट निर्माण र गेलेन्डर मेसीन मा अनुदान	१६	६,००,०००	निर्माणमा ८५ प्रतिशत अनुदान, मेसीनमा ५० प्रतिशत अनुदान औषधि सत प्रतिशत अनुदान
	जम्मा	**१४३५**	**७९,६४,२४२**	

बेरूजु दफा १६.१ सँग सम्बन्धित विवरण - अनुसूची -९

क्र.सं	आम्दानी शीर्षक	अनुमान	यस महिना सम्मकोआम्दानी	आम्दानी प्रतिशत
१	एकीकृतसम्पती कर	८०,००,०००.००	५७,९४,३९१.५०	

२	वहाल कर	३५,००,०००.००	७२,८५,७९७.७४	
३	वहालविटौरी कर	४०,००,०००.००	५२,८५,७१७.६०	
७	कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	५०,०००.००	२,५००.००	
८	अखेटोपहारमालाग्ने कर	२५,०००.००	०.००	
१४	सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय	१२,००,०००.००	४,९७,८६५.००	
१८	न्यायिकदस्तूर	२५,०००.००	५,५००.००	
१९	शिक्षाक्षेत्रको आम्दानी	१,००,०००.००	१,६८,९७५.००	
२०	परीक्षाशुल्क	२५,०००.००	१,१९,९३०.००	
२१	अन्यप्रशासनिक सेवा शुल्क	२,५०,०००.००	५,३०,८५२.००	
२२	नक्सापासदस्तुर	७,००,०००.००	६,७९,३१७.००	
२३	सिफारिशदस्तुर	३०,००,०००.००	४८,६४,०६५.००	
२४	व्यक्तिगतघटना दर्ता दस्तुर	२,५०,०००.००	४,४५,६००.००	
२५	नाताप्रमाणित दस्तुर	१,००,०००.००	१,९३,४४०.००	

२६	अन्यदस्तुर	३५,०००.००	१०,८८,०६८.००	
२७	व्यावसायरजिष्ट्रेशन दस्तुर	१,००,०००.००	३,९८,०७०.००	
२८	रेडियो/एफ.एम.सञ्चालन दस्तुर	१०,०००.००	०.००	
२९	जलस्रोतसम्बन्धी अन्य दस्तुर	६,००,०००.००	२०,७८,७५२.००	
३०	प्रशासनिकदण्ड, जरिवाना र जफत	१,००,०००.००	४,५७,७२०.००	
३१	प्रदुषणनियन्त्रण शुल्क	३५,००,०००.००	३७,०६,८३५.००	
३२	अन्यराजस्व	९,५३,०००.००	३७,८४,०३०.८०	
३३	व्यवसाय कर	२९,८८,९७१.००	३९,८९,५६०.००	
	जम्मा	**७५,३७,५३,७१४.००**	**४,१३,७६,९८६.६४**	

बेरूजु दफा २१.२ सँग सम्बन्धित विवरण - अनुसूची -१०

उपभोक्ता समितीको नाम	कामको विवरण	भुक्तानी रकम
वडा कार्यालय कोठा थप उ.स.बेनपा ७	वडा कार्यालय कोठा थप बेनपा ७	५,४९,३५४
स्वास्थ चौकी भवन निर्माण उपभोक्ता समिति	भकिम्ली स्वास्थ्य चौकी भवन निर्माण (स्वास्थ्यचौकी भवन निर्माण, बेनपा ३)	१२,७९,८९३

पुलाचौर स्वास्थय चौकी हल ब्यवस्थापन बेनपा ५	पुलाचौर स्वास्थ्य चौकी हल व्यवस्थापन	२,८६,१८३
वडा कार्यालय मर्मत तथा छत व्यवस्थापन उपभोक्ता समिति	वडा कार्यालय मर्मत तथा सभाहल व्यवस्थापन, बेनपा ७	४८२५००
धौलागिरी मा. वि.घेरावार योजना उपभोक्ता समिति	धौलागिरी मावि सिङ्गा घेरावार	४,८२,५००
रामचन्द्र मा.बि. घेराबार नि.उ.स.बेनपा १ अर्जम	रामचन्द्र मावि अर्जम बेनपा १	१,९३,०००
	जम्मा	**३२७३४३०**

बेरूजु दफा २१.३ सँग सम्बन्धित विवरण - अनुसूची -११

गो.भौ.नं/मिति	कामको विवरण	भुक्तानी लिनेको नाम	भुक्तानी रकम
३०८/०८०-३-१५	दुधेखोला भकिम्ली सडक वडा नं ३. उपभोक्ता समिति.	इन्द्र घर्ती समेत ७० जना	१०,२३,१६०।
३१४/०८०-३-१७	हाडेभिर बगरफाँट थामडाँडा बरंजा किमचौर कृषि सडक उ.स	भिमे किसान समेत १४ जना	४,४७,८००।
३२०/०८०-३-१८	शिवको घर पछाडिको पहिरो नियन्त्रण बेनपा -६-	रोसन दर्जी समेत १५ जना	१,६६,१२१।
३२२/०८०-३-१९	वडा कार्यालय मर्मत तथा छत व्य समिति	राम श्रेष्ठ समेत	१,७५,८२०।
३५४/०८०-३-२४	नयां पुल राखु भकिम्ली सडक स्तरउन्नती उपभोक्ता समिति	राम रोका समेत २९ जना	४,०७,६००।
		जम्मा	**२२,२०,५०१।००**

बेरूजु दफा २२.२ सँग सम्बन्धित विवरण - अनुसूची -१२

क्र.स	कार्यक्रमको नाम	परामर्शदाता	लागत अनुमान	खर्च रकम
१	ठलो गैरा भोर्ले कटुवालडाडा दामिरकोट बन्चरेढुङ्गा मोटरबाटो	Dedicated Engineering consultancy and constructon pvt.ltd	२,००,०००	१,९४,२११

२	दुधेखोला हल्लेगौडा भकिम्लि सडक	गुडवल ईन्जिनियरीङ रिसर्च एण्ड मल्टि डिसिपिनरी कन्सल्ट प्रा लि	४,९७,८७१	४,८९,८५५
३	महारानीथान छाप डांडाखेत ठुलाखोला सडक	श्री रिड्स इन्जिनियरीङ कन्सट्कन कम्पनी	४,९७,८७१	४,८२,०००
४	अस्पतालचोक खरेनी जामुनाखर्क पहिरो नियन्त्रण	श्री डेल्टा इन्जिनियरिङ कन्सल्टेन्सी	२,९८,७२२	२,९१,०००
		जम्मा	**१४,९४,४६४**	**१४,५७,०६६**

बेरूजु दफा २३.१ सँग सम्बन्धित विवरण - अनुसूची -१३

क्र.स	कार्यक्रमको नाम	बिनियोजन(रु)
१	राजकुमारीको घरदेखि भीम बहादुर बोगटीको घरसम्म मोटरबाटो, बेनपा १	२,००,०००
२	खवरा अरजमज मोटरवाटो	५,००,०००
	पैयूपाटा मोटरवाटो देखि कावनखर्क मोटरवाट	१,००,०००
	कन्थराजथान देखि ज्यामरुककोट मन्दिर जाने पदमार्ग	१,५०,०००
३	डांडाखेत दलित सञ्जाल भवन मुनी बाटो मर्मत ग्याविन जाली निर्माण	३,००,०००
	बालमन्दिर खानेपानी	२,००,०००
४	ढाडपानी देखि बसन्त आ.वि मोटरवाटो	१,००,०००
५	डम्मरा ट्याङ्की निर्माण सिंचाई तथा खानेपानी	५,००,०००
	पाखाथर अमराई सिंचाई कुलो	४,००,०००
	विद्यामन्दिर आ.वि	२,५०,०००
	उपल्लो जामुनाखर्क बस्ती संरक्षण	४,००,०००
	खरेनी जामुनाखर्क भगवती पैदल मार्ग	१,७५,०००
	डम्पिङसाइट प्रभावित क्षेत्र	५,००,०००
६	खोरिया कुरिलाखर्क पदमार्ग निर्माण	२,००,०००
	प्लाष्टर तथा वालआर्ट कार्यक्रम	५०,०००

	पक्की डस्टविन निर्माण/फोहोर व्यवस्थापन तथा सरसफाई/विद्युतिय पोल तथा तार सरसफाई	१,५०,०००
	मंगलाघाट झोलुङ्गे पुल मर्मत बेनपा ७	५,००,०००
	म्याग्दीखोला आरनटोल नाली निर्माण तथा सडक स्तरउन्नती,पार्क निर्माण बेनपा ७	५,००,०००
	सार्वजानिक व्यामशाला/चौतारी पोखरी निर्माण बेनपा ७	७,५०,०००
	मंकखला भौतिक संरचना (भान्साघर निर्माण)	५,००,०००
	सामुदायिक होम स्टे	१,००,०००
७	क्याम्पस गेटदेखी खोल्सासम्म पदमार्ग निर्माण	५,००,०००
	बालमन्दिर आ.वि घेराबार	३,००,०००
	तरकारी बजार व्यवस्थापन	७,००,०००
८	स्वास्थ्य चौकी भवन निर्माण	३,००,०००
	स्वास्थ्य चौकी व्यवस्थापन तथा विविध	१,००,०००
	बिद्योदय आ.वि. देखि कमल पनुको घरसम्म मोटरवाटो स्तरोन्नती	३,००,०००
	तल्लोटोल देखि देवनधारा सम्म मोटरवाटो स्तरोन्नती	३,००,०००
	जम्मा	**९४,५०,०००**

बेरूजु दफा २३.५ सँग सम्बन्धित विवरण - अनुसूची -१४

क्र.स.	विवरण	योजना संख्या	रकम (रु. हजारमा)
१	रु.१ लाखभन्दा कमको योजना	३०	३०२५
२	रु. १ लाख एकदेखि ५ लाख सम्मका योजना	२५९	७७६५३
३	रु. ५ लाखदेखि १० लाख सम्मका योजना	३७	३०३२०
४	रु.१० लाख एकदेखि भन्दा माथिका योजना	३८	१६२७३०
	जम्मा	**३६४**	**२७३७२८**

बेरूजु दफा २४.१ सँग सम्बन्धित विवरण - अनुसूची -१५

क्र.सं	आम्दानी शीर्षक	अनुमान	यस महिना सम्मकोआम्दानी

१	एकीकृतसम्पती कर	८०,००,०००.००	५७,९४,३९१.५०
२	वहाल कर	३५,००,०००.००	७२,८५,७९७.७४
३	वहालविटौरी कर	४०,००,०००.००	५२,८५,७१७.६०
७	कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	५०,०००.००	२,५००.००
८	अखेटोपहारमालाग्ने कर	२५,०००.००	०.००
१४	सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय	१२,००,०००.००	४,९७,८६५.००
१८	न्यायिकदस्तूर	२५,०००.००	५,५००.००
१९	शिक्षाक्षेत्रको आम्दानी	१,००,०००.००	१,६८,९७५.००
२०	परीक्षाशुल्क	२५,०००.००	१,१९,९३०.००
२१	अन्यप्रशासनिक सेवा शुल्क	२,५०,०००.००	५,३०,८५२.००
२२	नक्सापासदस्तुर	७,००,०००.००	६,७९,३१७.००
२३	सिफारिशदस्तुर	३०,००,०००.००	४८,६४,०६५.००
२४	व्यक्तिगतघटना दर्ता दस्तुर	२,५०,०००.००	४,४५,६००.००
२५	नाताप्रमाणित दस्तुर	१,००,०००.००	१,९३,४४०.००
२६	अन्यदस्तुर	३५,०००.००	१०,८८,०६८.००
२७	व्यावसायरजिष्ट्रेशन दस्तुर	१,००,०००.००	३,९८,०७०.००
२८	रेडियो/एफ.एम.सञ्चालन दस्तुर	१०,०००.००	०.००
२९	जलस्रोतसम्बन्धी अन्य दस्तुर	६,००,०००.००	२०,७८,७५२.००
३०	प्रशासनिकदण्ड, जरिवाना र जफत	१,००,०००.००	४,५७,७२०.००
३१	प्रदुषणनियन्त्रण शुल्क	३५,००,०००.००	३७,०६,८३५.००
३२	अन्यराजस्व	९,५३,०००.००	३७,८४,०३०.८०
३३	व्यवसाय कर	२९,८८,९७१.००	३९,८९,५६०.००
	जम्मा	**७५,३७,५३,७१४.००**	**४,१३,७६,९८६.६४**

बेरूजु दफा २४.४ सँग सम्बन्धित विवरण - अनुसूची -१६

सि.नं.	नाम थर	गत बिगत बर्ष देखी ०७९।०८० असार

		मसान्त सम्मको उठ्न बाँकी बक्यौता रकम रु.
१	सुजता सुवेदी	९६,०००
२	संन्तोष प्रसाद शाह	६८,२००
३	गंगा लाल सुनार	१०५,३६३
४	पशुबधशाला सुरेश दर्जी(परियार)	११४६००
५	मानकाजी घिमिरे	८८,३६५
६	भरत पौडेल चेतनाथ	९८,०००
७	दिलगिरी	९६,०००
८	संयुक्त यातायात	१६५,०००
९	पत्रकार महासंघ म्याग्दी	१०,०००
१०	सपिना खाँतुन	५,८५०
११	सलाम दिनमियाँ	९८,७५०
१२	हर्क विर भटराई	२२,९५०
१३	सरिफा बेगम	१०५,३५०
१४	अनुर खाँन	४४,५५०
१५	पोवी कुमारी भट्रराई	२४,३००
१६	रन बहादुर सार्की	१७,२५०
१७	हिरा देवी थापामगर	७३,९५०
१८	विशाल शाह	१२,६००
१९	धन मायाँ फगामी /डगामी	१६,२००
२०	बम बहादुर भण्डारी	१७,५५०
२१	भोज बहादुर कार्कि	३१८,७५०
२२	सुनिल भन्ने अनिल वि.क.	४७,७००
२३	विद्यानन्द शाह	२८,३००
२४	रन बहादुर सार्की	४०,१००
२५	दिनेश शाह	८,०००
२६	कुल घर्ति मगर	३७,८४०

	जम्मा	१७,६१,५१८